'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ८२ | सोमवार ०३ मंसिर, २०८१ | 18 (Monday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

सन्दर्भ उपनिर्वाचन

## महावुमा अध्यक्षका लागि सात जनाको उम्मेदवारी दर्ता

नमस्ते समचारदाता
दैलेख, मंसिर/०२



यही मंसीर १६ गते हुने आसन्न उपनिर्वाचनका लागी दैलेखको महावु गाउँपालिकाको अध्यक्षमा सात(७) दलका उम्मेदवारले मनोनयन दर्ता गरेका छन् । मुख्य निर्वाचन अधिकृत कार्यालय महावुले दिएको जानकार अनुसार अध्यक्षमा पदमा विभिन्न सात राजनैतिक पार्टीले अध्यक्ष पदमा मनोनयन दर्ता गरेका हुन् । गाउँपालिका अध्यक्ष पदका लागी नेकपा एमालेबाट जङ्गबहादुर शाहीले मनोनयन दर्ता गरेका छन् । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट गाउँपालिका अध्यक्षमा विजयी भएका शाही २०७९ को स्थानीय तहको निर्वाचनमा नेकपा एकीकृत समाजवादी र माओवादी केन्द्रको संयुक्त गठबन्धन बाट उम्मेदवार भई नेपाली काँग्रेसका लछुमुन गुरुङसँग पराजित भएका थिए । यस्तै नेपाली काँग्रेसबाट गाउँपालिका अध्यक्ष पदमा झलक भण्डारीले मनोनयन दर्ता गरेका छन् । स्थानीय तहको निर्वाचन २०७९ मा अध्यक्षमा आंकाक्षी रहेका उनले नेपाली काँग्रेस जिल्ला कमिटी सदस्य हुन । उपनिर्वाचनका लागि माओवादी केन्द्रका जङ्गबहादुर बराल मगरले अध्यक्षमा मनोनयन दर्ता गरेका छन् । महावु गाउँपालिकाको अध्यक्ष पदमा हुने उप निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रकाश कुमार बुढाले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै राप्रपा बाट सुर्जे रावत, नेपाल मजदुर किसान पार्टी बाट दुर्ग बहादुर मगरले मनोनयन दर्ता गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी बाट अध्यक्ष पदमा जगत बहादुर हमालले मनोनयन दर्ता गरेका छन् । उनले २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमाले महावु गाउँपालिका-५ कासिकाँधको बाट वडाध्यक्षमा विजयी भएका थिए । महावु गाउँपालिकाका अध्यक्ष लछुमुन गुरुङको २०८० माघ २७ गते हृदयाघातका कारण मृत्यु भएको थियो । दैलेखको दुल्लु नगरपालिका-१३ को वडाध्यक्ष पदमा ६ जनाको उम्मेदवारी दर्ता गरेका छन् । नेपाली काँग्रेस बाट रेशम बहादुर शाही, नेकपा एमालेबाट लाल बहादुर शाही, नेकपा माओवादी केन्द्रका ढकेन्द्र शाही, राष्ट्रिय स्वतन्त्र पार्टीका राम बहादुर शाही, राप्रपा रेशम कुमार मल्ल नेपाल नेपाल मजदुर किसान पार्टी पूर्ण प्रसाद उपाध्यायले मनोनयन दर्ता गरेका छन् । त्यस्तै सर्केगार्ड गाउँपालिका उपाध्यक्ष पदका लागि दलहरु र स्वतन्त्र गरी सात जनाको उम्मेदवारी परेको छ । गाउँपालिका स्तरका आफ्ना पार्टी कार्यालयबाट बाजागाजासहित उम्मेदवारी दर्ता गरेका हुन् । उपाध्यक्ष पदका लागि सात जनाको उम्मेदवारी दर्ता गरिएको मुख्यनिर्वाचन अधिकृत शम्भुप्रसाद बरालले बताए । मनोनयन दर्ताको दुई दिन अगाडि बसेको सर्वदलीय बैठकले ठूला दल अनुसार उम्मेदवारी दर्ता गर्ने सहमति अनुसार उम्मेदवारी गर्दा गरिएको छ । जसमा उम्मेदवार दर्ता गर्ने दिनमा जिल्लाका ठूला दलमध्ये कांग्रेसले सबैभन्दा अगाडि आफ्नो उम्मेदवारी मुख्यनिर्वाचन अधिकृतको कार्यालयमा दर्ता गरिएको थियो । कांग्रेसका तर्फबाट उपाध्यक्ष पदका लागि सविता बुढाले उम्मेदवारी दर्ता गरेकी थिइन् । त्यसैगरी, एमालेले पनि आफ्नो उम्मेदवारी दर्ता गरेको थियो । एक दिनअगाडि मात्र उम्मेदवारको नाम घोषणा गरेको एमालेका तर्फबाट जाना शाहीले उम्मेदवार दर्ता गरेकी हुन् । त्यसैगरी नेकपा माओवादी केन्द्रले पनि उम्मेदवारी दर्ता गरेको छ । माओवादी केन्द्रका तर्फबाट देवकी तिमिल्सिनाले उम्मेदवारी दर्ता गरेकी हुन् । तिमिल्सिना नेकपा माओवादी केन्द्र हुम्लाका संयोजक डाक्टर दीपेन्द्र रोकायाकी पत्नी हुन् । माओवादी केन्द्रले आइतबार बिहान मात्र उम्मेदवारी छनौट गरेको थियो ।

## केरा खेतीमा रमाउँदै बाँकेमा किसान

नमस्ते समचारदाता
बाँके, मंसिर/०२



बाँकेको खजुरा गाउँपालिका-३ बिगाउँ वागमतीनगरका किसान हरिप्रसाद उपाध्यायले विगत आठ वर्षदेखि व्यावसायिक रुपमा केरा खेती गर्दै आएका छन् । पहिला १० बिघा क्षेत्रफल जग्गामा केरा खेती गर्दै आएका उपाध्यायले हाल घटाएर तीन बिघा क्षेत्रफल जग्गामा केरा खेती गर्दै आएका छन् । २०७३-७४ सालदेखि व्यावसायिक रुपमा केरा खेती सुरु गरेका उपाध्याय शुरुमा १० बिघा क्षेत्रफल भएको जग्गा भाडामा लिएर केरा लगाएको थिए । उपाध्यायले भने, "पहिला प्रदेश सरकारले पनि सहयोग गरेको थियो, पछि अन्य ठाउँबाट सहयोग नभएपछि अहिले तीन बिघा मात्र केरा खेती गरेको छु ।" लुम्बिनी प्रदेश सरकारले २०७५-७६ मा उत्पादन भएको केरालाई भण्डारण गर्न अनुदानमा भण्डारण गोदाम बनाइदिएको उनले बताए । 'उत्पादन भएको केरालाई भण्डारण गर्न प्रदेश सरकारबाट अनुदानमा भण्डारण गोदाम बन्यो, उत्पादन भएको केरालाई भण्डारण गर्न सहज भयो । पछि अन्य ठाउँ कतैबाट पनि प्रोत्साहन हुने गरी सरसहयोग मिलेन, एक्लै सबै कुरा व्यवस्थापन गर्न गाह्रो हुँदै गयो र त्यसैले हाल तीन बिघामा मात्र खेती गर्न थालेँ ।' उपाध्यायको फार्ममा अहिले १५ सयभन्दा बढी ठुलो केराका बोट छन् भने तीन हजार सानो बोट हुर्कने क्रममा छन् । ठूलो केराका बोटलाई गत जेठ महिनामा परेको असिनाले धेरै क्षति गरेको उनले बताए । "तीन हजारजति ठूलो केराको बिरुवा लगाएकोमा अहिले १५ सय जति होलान्, जेठमा आएको असिनाले गर्दा ठूलो क्षति भयो, त्यतिबेलाको क्षति अझै थेग्न गाह्रो भइरहेको छ ।' उपाध्यायले केही भारतको बारबङ्की र केही नवलपरासीको कावासोतीबाट जी-९ जातको केराको बिरुवा ल्याएर लगाएको बताए । 'भारतबाट बिरुवा ल्याउँदा भन्सार पनि नहुँदो रहेछ । बिरुवा रोपेको १५/१६ महिनापछि केराले उत्पादन दिन सुरु गर्छ, बोटमा २१ वटा पात भएपछि पसाउने रहेछ, एउटै केराबाट तीन पटकसम्म फल उत्पादन हुन्छ, केराको घरी काटिसकेपछि त्यसको पनि काट्छौँ, पात काटेको रुख कुहिँदै सड्दै जान्छ, त्यसको फेँदबाट अर्को बिरुवा जन्मिन्छ र त्यसले पनि फल दिन्छ र अर्को पटक समेत यही प्रक्रिया हुन्छ ।' पहिला पहिला नेपालगन्जस्थित भाटभटनीसँग सम्झौता गरेर केरा दिने गरेको भए पनि अहिले भने सबै उत्पादन भएको केरा स्थानीयस्तरमै खपत भइरहेको उनले बताए । गाउँमा पूजाआजा हुँदा मर्दापर्दा, चाडवाडमा केराको माग हुने गरेको छ, सबै केरा यहीँ नै खपत हुन्छ, पाकेको केरा ६० रुपियाँ र काँचो केरा ५० रुपियाँ दर्जनका दरले गाउँ मै बिक्री भइरहेको छ । एक जना सम्पूर्ण प्राविधिक ज्ञान भएको कर्मचारी मासिक रुपमा र आवश्यक परेको बेलामा ५-६ जना स्थानीयले दैनिक ज्यालादारीमा काम गर्ने गरेको उनले बताए । 'म, श्रीमती र छोरा यसै व्यवसायमा पूर्णरुपमा खटेका छौँ, एक जना प्राबिधिक ज्ञान भएका मासिक रुपमा हुनुहुन्छ, आवश्यक परेको बेलामा ५-६ जना स्थानीयले दैनिक ज्यालादारीमा काम गर्नुहुन्छ ।'

## नौवस्ता औद्योगिक क्षेत्रमा मन्त्रीको चासो

नमस्ते समचारदाता
बाँके, मंसिर/०२



नौवस्ता औद्योगिक क्षेत्रमा प्राथमिकताका साथ पूर्वाधार निर्माण गर्न संघिय सरकार गम्भीर रहेको संघिय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी बताएका छन् । शनिबार नेपालगन्जमा आयोजना गरेको नेपालगञ्ज उद्योग वाणिज्य संघको ३२ औं साधारणसभामा सो व्यक्त गरेका हुन । मन्त्री भण्डारीले उद्योग क्षेत्रको विकासका लागि भौतिक पूर्वाधार पूर्वशर्त भएकाले तिनको निर्माणलाई सरकारले प्राथमिकतामा राखेको जानकारी गराए । मन्त्री भण्डारीले केही ठूला र मझौला उद्योग बढ्दै गएका बताउदै रुग्ण उद्योगको संरक्षण सरकारको दायित्व हो त्यस्ता उद्योगहरुमा लगानी प्रवर्द्धन गर्दै विदेशी लगानी आकर्षित गर्न र निजी क्षेत्रसँगको साझेदारीलाई अझै बढावा दिएर जानु पर्ने कुरा जोड दिए । उनले वर्तमान सरकारले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा केन्द्रित रहेर काम गरिरहेको बताए । नेपालगञ्जको एद्योगीहरुले लामो समय सम्म पनि नौवस्ता औद्योगिक क्षेत्र निर्माणको काम शुरु हुन नसकेको प्रति मन्त्रीको ध्याणाकर्षण समेत गराएका थिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## उपनिर्वाचन दलहरुको परीक्षणकाल

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्षहरु ३४ गरी जम्मा ४४ रिक्त पदमा यही मंसीर १६ गते हुने निर्वाचनका लागि आइतबार मनोनयन दर्ता गरिएको छ। यो उपनिर्वाचनमा ठूला दलहरुले कसै सँग पनि गठबन्धन नगरी एक्लै चुनाव लड्ने दाबी गरेका भए पनि आवश्यकता र आ–आफ्नो स्वार्थ अनुसार गठबन्धन गरेका पनि छन्। यो उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी पनि पहिलो पटक स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टीका उम्मेदवारहरु उठाएर सहभागिता जनाएको छ । पुराना दलहरु बुढा नेताहरुले पोखरीमा पानी जमाए जसरी पार्टीलाई जाममा पारेर राखेका र ती दलहरुमा युवा नेतृत्व र सिर्जनसिलता भन्दा भ्रष्ट, बिचौलीया र तस्करहरुको संरक्षण गरेकाले नयाँ पुस्ताका युवाहरुलाई नयाँ दृष्टिकोण सहित निर्वाचनमा जिताउन आवश्यक छ भन्ने आवाज पनि उठिरहेको छ । यस्तो अवस्थामा हुन गैरहेको ४४ स्थानको उपनिर्वाचनमा दलहरुको परीक्षण हुने छ । यो निर्वाचनमा जनताहरुले कस्ता पार्टी र कस्ता उम्मेदवारहरुलाई निर्वाचनमा जिताउँछन् त्यसले पनि एउटा संकेत गर्ने नै छ । दुई जिल्ला समन्वय समितिका प्रमुखहरुको निर्वाचनमा यो निर्वाचनमा गणितीय संख्याको हिसाबले पहिलेको भन्दा खासै फरक परिणाम ल्याउने छैन । तर अन्य पदहरुमा जनताले प्रत्येक्ष मतदान गरेर निर्वाचित गर्ने भएकाले ती पदहरुमा जनताको रोजाईमा पहिले कै दलहरुका उम्मेदवारहरु पर्छन् कि नयाँ रोज्छन्। त्यो सबैको चासोको विषय बनेको छ। साच्चै भन्ने हो भने यो उपचुनाव पार्टीहरुको परीक्षणकै निर्वाचन हुने छ। पार्टीहरु हिजोको तुलनामा अझै पनि सच्चिएका छैनन् । जनताहरु हिजोको तुलनामा सच्चिएका र बुझेका छन् कि छैनन् त्यो उपनिर्वाचनको परिणामले बताउने छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला


# ध्यान दिइएन कानुन निर्माणमा

रामनारायण विडारी

संसद्ले कानुन बनाउने, सरकारले कानुन कार्यान्वयन गर्ने, अदालतले कार्यान्वयन गरेको मिल्यो कि मिलेन हेर्ने संसारको थिति संसदीय र राष्ट्रपतीय प्रणाली दुवैको हो । यसैलाई नै शक्ति पृथकीकरणको मूल सिद्धान्त मानियो तर अहिले करिब ८० प्रतिशत कानुन सरकारले बनाएको देखिन्छ। करिब २० प्रतिशत कानुन मात्र संसद्ले बनाएको तथ्य हिजो बनेका ऐन र हाल बन्न लागेका ऐनको प्रावधानबाट देखिन्छ। यस्तो के कारणबाट हुँदै छ ? सांसद विकासे खेताला मात्र भए तर विधायक हुन सकेनन् । यही निष्कर्षमा पुग्न धेरै कठिन छैन। यसैको उपज प्रत्यायोजित विधायन आयो र यसैमा भर परे ।

**प्रत्यायोजित व्यवस्थापन भनेको के हो ?**

संसद्ले पारित गरेको ऐन अन्तर्गत सो ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने नियम, विनियम, कार्यविधि, निर्देशिका, मापदण्ड, कानुनबमोजिमका आदेश आवश्यकता अनुसार सबै वा एक बनाइन्छ । सामान्यतः प्रत्यायोजित व्यवस्थापन एक ठाउँमा मात्र प्रत्यायोजित गरिन्छ। यसरी बनेका सबै प्रत्यायोजित व्यवस्थापनसमेत सबै कानुन हुन् । संविधानदेखि आदेशसम्मका सबैको संयुक्त नाम कानुन हो। कानुनमध्ये मूल कानुन संविधानलाई भनिन्छ। जो सिङ्गो राज्यले विभिन्न तरिकाबाट जारी गर्छ। यो जारी गर्ने तरिका विभिन्न मुलुकमा विभिन्न थरी छन् । नेपालको संविधान भने संविधान सभाले २०७२ मा जारी गरेको हो । यो नेपालको मूल कानुन हो । यसै गरी संसद्ले ऐन बनाउँछ । यसलाई पनि राज्यद्वारा बनाएको कानुन 'इस्टेट्युटरी ल/एक्ट' भन्ने गरिन्छ । सो ऐन अन्तर्गत पनि कानुन बन्छन्। ती कानुन नेपाल सरकार, प्रदेश सरकारका अतिरिक्त ऐनबमोजिम गठित निकाय, संवैधानिक अङ्ग, न्यायपालिकाले समेत बनाउँछन्। यसरी संसद्बाहेकले बनाउने कानुन नै प्रत्यायोजित व्यवस्थापन हो। यस प्रसङ्ग र अवस्थामा व्यवस्थापन भनेको 'म्यानेजमेन्ट' हैन 'लेसिस्लेसन' भनेको हो । यसलाई अर्को शब्दमा प्रत्यायोजित विधायन पनि भन्न सकिन्छ। यो कानुनलाई विधिशास्त्रमा सहायक कानुन 'सबरडिनेट ल' पनि भनिन्छ । अझ यसलाई 'सेकेन्डरी लेजिस्लेसन' दोस्रो व्यवस्थापन वा अधिनस्थ विधायन पनि भनिन्छ। यही सहायक कानुनलाई प्रत्यायोजित व्यवस्थापन भनिएको हो। यसको नाम किन प्रत्यायोजित व्यवस्थापन भनिएको भन्ने कुरा शब्दार्थबाटै बुझ्न सकिन्छ। संसद्ले अधिकार प्रत्यायोजित गरेर संसद्बाहेक अरूले कानुन बनाएको हुँदा यसलाई प्रत्यायोजित भनेको हो । व्यवस्थापन भनेको कानुन भनेको हो, कानुन बनाउने भनेको हो । यसलाई अङ्ग्रेजीमा 'डेलिगेटेट लेसिस्लेसन' भनिन्छ। यो प्रचलन धेरै थोरै विश्वका प्रायः सबै मुलुकमा छ । कहीँ धेरै प्रत्यायोजित हुन्छन् त कहीँ थोरै । कहीँ प्रत्यायोजित व्यवस्थापन पनि संसद्बाट अनुमति लिनुपर्ने व्यवस्था छ त कहीँ जानकारी दिए पुग्छ । कहीँ संसद्लाई जानकारी पनि दिन बाध्य नभएको व्यवस्था छ। कहीँ भने संसद्मा विधेयकसँगै सरकारले पेस गर्छ । कहीँ




संसद्मा पछि पेस गरिन्छ र संसद्ले पास गर्छ। कहीँ पेस गरेपछि स्वतः लागु हुन्छ संसद्ले पास गरिरहन पर्दैन । हामीकहाँ भने जम्मा एक पटक लोक सेवा आयोगले विधेयकसँगै प्रत्यायोजित विधायन पनि पेस गरेको देखिन्छ। नत्र ऐनको विधेयक संसद्ले पारित गर्छ । प्रत्यायोजित विधायन सरकारसमेतले आफूखुसी बनाएर बसेको देखिन्छ । यसको अनुगमन संसद्ले पनि राम्रोसँग गरेको पाइँदैन। गर्नुपर्ने संसद्ले हो। अब यो मेलो सुरु गरौं ।

**प्रत्यायोजित व्यवस्थापन किन आवश्यक पऱ्यो ?**

कानुन संसद्ले बनाउने हो। यो उसको अन्तरनिहित अधिकार हो । शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप कानुन निर्माण संसद्ले गर्ने, कानुनको प्रयोग सरकारले गर्ने, संसद्ले बनाएको कानुन सरकारले प्रयोग ठिकसँग गरेको छ कि छैन भनेर जाँच न्यायपालिका वा अदालतले गर्ने । यसलाई कानुनी भाषामा न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका वा त्रिपालिकातन्त्र भनिन्छ। यी तीन अङ्ग अन्तर्गत विभिन्न निकाय र तह बनेका हुन्छन् । यी तीन निकायले आआफ्ना अधिकारमा आपसमा समन्वय त गर्छन् तर हस्तक्षेप गर्न भने पाउँदैनन् । सबै अङ्ग स्वतन्त्र हुन्छन्। राज्यको शक्ति सन्तुलन गरेर जाने यो पद्धति हो । रोकथाम र सन्तुलनको सिद्धान्त हो यो । यही अनुसार संसद्ले मात्र कानुन बनाउने हो। अरूले बनाउन पाउने होइन। त्यसै कारण संसद्ले देशलाई चाहिने सबै कानुन बनाइदिनुपर्ने हो । ऐन बनाउँदा नै ऐनमा सबै आवश्यक कुरा लेखिदिनुपर्ने हो । यो काम गर्न संसद्ले नभ्याउने भयो वा प्राविधिक कुरा अध्ययन गरेर गर्नुपर्ने भयो वा कुनै चिज परिस्थिति अनुरूप बदलिने गरी बनाउन आवश्यक भयो वा संसद्ले तत्काल ज्ञान भएन भने ऐनमा नै यो काम सरकारले वा सम्बन्धित निकायले बनाउन सक्ने गरी अधिकार प्रत्यायोजन गरेको हुन्छ। यो ऐनमा लेखेको कुरा यही ऐनबमोजिम र यसमा तोकिएको वा तोकिएबमोजिम भनेको कुरा नियममा उल्लेख भए अनुसार हुने वा गर्ने भनेर लेखिएको हुन्छ । यही नै प्रत्यायोजित अधिकार हो। संसद्ले आफूलाई भएको अधिकार प्रत्यायोजन गरिदिए अनुसार अरूले सो परिधिभित्र बसेर नियम बनाउनुपर्ने हुन्छ। तसर्थ त्यसरी बनाएको कानुन सोही परिधिभित्र छ छैन भनेर अनुगमन गर्नुपर्ने दायित्व पनि संसद्को हो ।

**प्रत्यायोजित विधायन कसले बनाउँछ**

यो नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसमेतले बनाउँछन्। सङ्घमा संवैधानिक अङ्ग, विभिन्न प्रतिष्ठान, कानुनबमोजिम गठित निकाय, स्वायत्त संस्था र सर्वोच्च अदालतले बनाउँछन् । उनीहरूलाई यो नियम बनाउने अधिकार संसद्ले ऐनबाट नै दिएको हुन्छ । दिएको छैन भने बनाउन पाउँदैनन् । नियम बनाउने अधिकार दिएपछि सो नियममा फेरि अन्य कुरा बनाउन सक्ने गरी अन्य निकाय पदाधिकारीलाई दिन समान्यतः हुँदैन । जस्तो संसद्ले नियम बनाउने अधिकार नेपाल सरकारलाई दिएपछि सरकारले नियम बनाउँदा सचिव वा महानिर्देशक वा मन्त्रीलाई निर्देशिका बनाउने अधिकार दिनु सिद्धान्ततः बेठिक हुन्छ। निर्देशिकामा राख्नु पर्ने कुरा नेपाल सरकारले नियममा नै राख्नु पर्ने हुन्छ। नियम त नेपाल सरकारले आफैंले बनाउने र संशोधन गर्न सक्ने हुँदा त्यति असहज पनि हुँदैन । भारतमा दुवै सदनमा प्रत्यायोजित व्यवस्थापन हेर्ने समिति छ । नेपालमा राष्ट्रिय सभामा अलग्गै विशेष समिति छ भने, प्रतिनिधि सभा, प्रदेश सभामा विषयगत समितिले नै हेर्ने व्यवस्था छ । बेलायतमा पनि सम्बन्धित विषयगत समितिले नै हेर्ने व्यवस्था छ। प्रत्यायोजित व्यवस्थापनका केही कुरा पुनः प्रत्यायोजित हुन सक्छ भने धेरै कुरा पुनः प्रत्यायोजित हुन सक्दैन। जसलाई पछि उल्लेख गरिन्छ। प्रत्यायोजत व्यवस्थापनका मूलभूत कुरा बुझ्न आवश्यक छ। अनि मात्र कानुनको परीक्षण गर्न सकिन्छ । यसरी हेर्दा संसद् पूरै समय कानुन बनाउने काममा व्यस्त हुने देखिन्छ । यसो गरिएमा चुनावमा प्रतिस्पर्धा पनि कानुन निर्माणका आधारमा नै हुने प्रचलन बिस्तारै बढ्दै जान्छ । अनि वास्तविक कानुन निर्माता 'ल मेकर' हुन सकिन्छ। पद नाम अनुसार काम मिल्न जान्छ । विकासे काम राजनीति शून्य भएको र संसद्को अधिकार खास नभएको निरङ्कुश व्यवस्था रहेको अवस्थामा जनता फकाउन कार्यपालिकाको काम पनि म गर्छु भनेर बेठिक प्रचलन बसालिएको अवस्था छ। अल्पमतको सरकार टिकाउन सांसदलाई विकास बजेटले भुलाउन खोजिएको दृष्टान्त भारतमा पनि देख्न सकिन्छ । अब विस्तार त्यस्तो हुँदैन । सङ्घीयताको मर्म अनुरूप चल्नु पर्छ । जनतालाई शासन त कानुनले गर्ने हो । त्यसैले कानुन जनताले नै बनाउने पद्धतिको विकास भएको हो । यसैलाई कानुनी शासन भनिन्छ। विभिन्न कार्यालयमा जनता ठगिने, दुःख पाउने, भ्रष्टाचारको सिकार हुने कानुनका कारण हो । कानुन ठिक बनाउने र सो कानुन लागु भयो भएन हेर्ने काम संसद्को हो । यो काम संसदले नगरिदिएको कारण भ्रष्टाचार बढ्ने, अनावश्यक दुःख पाउने हो । यसैले अब देखि कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाको काम अनुसार सबै अङ्ग चल्नु पर्छ। एउटाको काम अर्कोले गरेर अख्तियारको दुरुपयोग गर्न छाड्नु पर्छ । कानुन निर्माताले कानुन बनाउने, अनुगमन गर्ने कामको विकास गरौं। *–गोरखापत्र*

विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदा:

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७९ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दीक शुभकामना व्यक्त गर्दछौं ।

सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

# आन्तरिक पर्यटकको आकर्षण डडेलधुराको कस्याडाँडा

नमस्ते समचारदाता
डडेलधुरा, मंसिर/०२



डडेलधुराको अमरगढी नगरपालिका-७ मा अवस्थित कस्याडाँडा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बनेको छ । सूर्योदय र सूर्यास्तको रमणीय दृश्य अवलोकन गर्न सकिने भएकाले पछिल्लो समय यहाँ आन्तरिक पर्यटकको आगमन बढ्न थालेको हो । सूर्योदय र सूर्यास्तका साथै सदरमुकाम अमरगढी नगरपालिका, नवदुर्गा, गन्यापधुरा, अजयमेरु गाउँपालिकाका अधिकांश भू-भागको दृश्यावलोकन गर्न दैनिक सयभन्दा बढी आन्तरिक पर्यटक सो डाँडामा पुग्ने गरेका छन् । डडेलधुरा-बैतडी राजमार्गको पश्चिम खण्डसँगै जोडिएको कस्याडाँडाले धार्मिक एवं ऐतिहासिक महत्व समेत बोकेको छ । डडेलधुरा-बैतडी जोड्ने महाकाली राजमार्गको सुर्कालबाट १५ मिनेट पैदल उकालो चढ्दा कस्याडाँडा पुग्न सकिन्छ । जिल्लाको सबैभन्दा अग्लो डाँडामध्ये यसलाई प्राचीन, धार्मिक तथा ऐतिहासिक महत्व बोकेको डाँडाका रूपमा मानिने स्थानीयहरु बताउँछन् । डोड्याली राजा नागी मल्लसहित लेगी समैजी, शिखर, शैलेश्वर महादेव, भूमिराज, उग्रतारा भगवती माताको धार्मिक क्षेत्रका रूपमा पनि कस्यालाई लिने गरिन्छ । यो डाँडा समुद्री सतहबाट ६ हजार ५ सय फिट उचाइमा अवस्थित छ । लामो समय देखि भारतमा बस्दै आएका अजयमेरु-३ का महेश ऐरले घर आएको मौकामा यहाँ पुगेको भन्दै कस्याडाँडा घुम्नै पर्ने रमणीय स्थानका रूपमा रहेको बताए । उनले भने, ‘पहिला यहाँ आउन पाएको थिएन, यो ठाउँ निकै रमाइलो रहेछ ।’ यहाँबाट सूर्योदय र सूर्यास्तको रमणीय दृश्य राम्रोसँग हेर्न सकिन्छ । आलितालका मिना साउँदले पनि साथीभाइसँग र माइलो गर्न कस्याडाँडा पुगेको बताइन् । रमाइलो र नजिकैको पर्यटकीय गन्तव्य भए पनि प्रचारप्रसारको कमीले ओझेलमा परेको उनको प्रतिक्रिया छ । डडेलधुरा बजारबाट हिँड्दै पनि पुग्न सकिने यो ठाउँमा बैतडी, डोटीलगायत सुदूरपश्चिमका आन्तरिक पर्यटकका लागि नजिकको सुन्दर गन्तव्य बन्न सक्ने साउँदले उल्लेख गरिन । उनको सुझाव छ , ‘यहाँ पुग्ने बाटो पनि व्यवस्थित छ, स्थानीय सरकारले यसको प्रवर्द्धन गर्न सके स्थानीयको आयस्तर वृद्धि हुनुका साथै रोजगारीका अवसर पनि सृजना हुने छन् ।’ पहिला सुनसानजस्तै रहेको यो ठाउँमा पर्यटकको चहलपहल बढ्न थालेको करिब ७ वर्ष भयो । अहिले दिनमा एक सयको हाराहारीमा आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका स्थानीय अटोचालक धौलि दमाईले बताउछन् । दमाईंका अनुसार यहाँ आउने अधिकांशले आफैँले खानेकुरा बोकेर आउँछन् । यहाँ नजिक बस्ती र होटल नरहेकाले खानापिनमा समस्या हुने भन्दै उनले यसलाई थप व्यवस्थित बनाउँदै नजिक होटल सञ्चालन भएमा पर्यटकीय गतिविधि बढ्ने बताए । पछिल्लो समयमा स्थानीयसहित अमरगढी-७ को ब्राइट भिजन क्लबले कस्या टाकुरो (डाँडा) को पर्यटकीय सम्भावनाका बारेमा प्रचारप्रसार गरेपछि अमरगढी नगरपालिकाको सहयोगमा भ्यूप्वाइन्ट, दृश्यावलोकन स्तम्भ, डाँडाको टुप्पोसम्म पुग्ने पैदल बाटो, बस्ने ठाउँलगायत पूर्वाधार निर्माण भएका छन् । कस्याडाँडामाथि भ्यूटावर निर्माण गरी आन्तरिक एवं बाह्य पर्यटक भित्राउन सके आर्थिक गतिविधि चलायमान हुने क्लबका अध्यक्ष दीपकराज भट्टराईले विश्वास व्यक्त गरे । नागरिक अगुवा सिद्धराज पाठकका अनुसार कस्याडाँडा र आसपासका क्षेत्रमा आन्तरिक पर्यटकका लागि आकर्षक स्थल निर्माण भएका छन् । होटलसहित अन्य पूर्वाधार निर्माण गरी आर्थिक र व्यावसायिक रूपमा यसलाई प्रवर्द्धन गर्न स्थानीय सरकारले नीति बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । यहाँबाट महाभारत पर्वत शृ‍ृंखलासहित डोटी, आछाम, बैतडी र भारतको केही भूभाग देख्न सकिने उनले बताए । डडेलधुराबाट कस्याडाँडा पुग्न पक्की बाटो बनेको छ । कस्याडाँडा सदरमुकाम भन्दा १२ किलोमिटर उत्तरतर्फ महाकाली राजमार्गसँगै जोडिएको छ । हिँडेर जाँदा करिब तीन घण्टा र मोटरसाइकल वा गाडीमा जाँदा २५ देखि ३० मिनेटमा पुगिन्छ ।

# रारामा ४ महिनामा झण्डै ३ हजार पर्यटक पुगे

नमस्ते समचारदाता
मुगु, मंसिर/०२



पर्यटकीय गन्तव्यस्थल रारामा ४ महिनामा झण्डै ३ हजार पर्यटक पुगेका छन् । रारा राष्ट्रिय निकुञ्जको कार्यालयले दिएको जानकारीअनुसार साउन १ गतेदेखि कार्तिक २३ गतेसम्म आन्तरिक पर्यटक २ हजार ९ सय सार्क तथा विदेशी मुलुकबाट ८० जना गरी करिब चार महिनामा झण्डै ३ हजार पर्यटकले रारा अवलोकन भ्रमण गरेका हुन् । रारा राष्ट्रिय निकुञ्ज कार्यालयका निमित्त संरक्षक अधिकृत धर्मजित साउदले करिब चार महिनामा झण्डै ३ हजार पर्यटकले रारा भ्रमण गरेको बताए । दसैं-तिहार बिदामा रारामा आन्तरिक पर्यटक बढी आएको भएपनि गत बर्षको तुलनामा यस बर्ष पर्यटकमो संख्या घट्दो क्रममा रहेको निकुञ्जले जनाएको छ । यो चालु आवको करिब चार महिनामा पर्यटक हरूको प्रबेश शुल्क बापत बापत रू ५ लाख राजस्व असुल गरेको पनि रारा राष्ट्रिय निकुन्जको कार्यालयले जनाएको छ । निकुञ्ज कार्यालयले रारा भ्रमणमा आउने आन्तरिक पर्यटकबाट प्रति व्यक्ति एक सय सार्क मुलुकका पर्यटकबाट प्रतिव्यक्ति एक हजार पाँच सय र अन्य विदेशी पर्यटकबाट प्रति व्यक्ति तीन हजार का दरले प्रवेश शुल्क उठाउने गरेको छ । हवाई मार्गबाट ७५ प्रतिशत र सडक मार्गबाट २५ प्रतिशत पर्यटक रारा भ्रमण गर्न आउने गरेका छ । पर्यटन व्यवसायीले भने सडक र हवाईमार्ग भरपर्दो नहुँदा रारामा अझै पर्यटक आगमन उल्लेख्य रूपमा वृद्धि हुन नसकेको गुनासो गरेका छन । अर्को तिर रारा क्षेत्रमा पर्यटकलाई बास बस्ने होटल र मनोरञ्जनका साधन कच्ची सडक बाट यात्रा गर्नु पर्दा बाटोमा खेपेको सास्ती, पछिल्लो समय हवाई सेवासमेत नियमित नहुँदा प्रतिदिन पर्यटक घट्दै गईरहेकोले पर्यटन ब्यबसायिहरूले चिन्ता ब्यक्त गरेका छन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# पूर्वसभामुख दमननाथ ढुंगानाको निधन

नमस्ते समचारदाता
काठमाडौं, मंसिर/०२



पूर्वसभामुख दमननाथ ढुंगानाको निधन भएको छ । उनी लामो समय देखि क्यान्सर रोगबाट पीडित थिए । केही समय अघि भारतमा उपचार गराएर उनी नेपाल फर्किएका थिए । उनको आइतबार दिउँसो फ्रन्टलाइन अस्पतालमा उपचारको क्रममा निधन भएको हो । उनी २०४६ सालको जनआन्दोलन पछिको पहिलो प्रतिनिधिसभामा २०४८ देखि २०५१ सालसम्म सभामुख थिए । सभामुख रहँदा उनी प्रतिपक्षीको संरक्षक बनेको भन्दै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उनीसँग रुष्ट बनेका थिए । त्यसपछि उनी चुनाव लडे पनि जित्न सकेनन् । उनले कांग्रेसको विद्यार्थी राजनीतिबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका थिए । माओवादीलाई शान्तिप्रक्रियामा ल्याउनका लागि पनि ढुंगानाको भूमिका महत्वपूर्ण रहेको मानिन्छ । उनले शान्ति प्रक्रियाका लागि अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरेका थिए । वरिष्ठ अधिवक्ता समेत रहेका ढुंगाना सक्रिय राजनीतिबाट टाढिएपछि मानवअधिकारको क्षेत्रमा क्रियाशिल थिए । उनका एक छोरा र एक छोरी छन् । पारिवारिक स्रोतका अनुसार ढुंगानाको सोमबार अन्त्येष्टी गरिनेछ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
नेपालगञ्ज बाँके? — ...लपुर, न्यरोड बाँके फोन नं. ९८४६२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

अदानचुली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला
कर्णाली प्रदेश, सुर्खेत
२०७३

प.सं. २०८१/८२
च.नं. ३८८

मिति: २०८१/०८/०२

श्री (१-६) सम्मका सम्पुर्ण वडा कार्यालयहरु
अदानचुली गाउँपालिका श्रीनगर हुम्ला ।

सूचना । सूचना ।। सूचना ।।।
विषय: सहुलियत दरमा खाद्यान्न वितरण सम्वन्धमा ।

प्रस्तुत विपयका सम्वन्धमा यस अदानचुली गाउँपालिकामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड डिपो कार्यालय श्रीनगर हुम्लावाट निरन्तर रुपमा खाद्यान्न विक्रि वितरण गर्दै आईरहेको छ यसै सन्दर्भमा यहि मिति: २०८१ मंसिर ३ गतेवाट सहुलियत मुल्यमा खाद्यान्न विक्री वितरण गरिने हुदाँ आ-आफ्नो वडा कार्यालयवाट तपशिलको मिति र समयमा उपस्थिति भई खाद्यान्न लिईदिन हुन विनम्र अनुरोध गरिन्छ ।

तपशिल:

| मिति: | वडा कार्यालयहरु: |
|---|---|
| १)२०८१/०८/०३ गते | अदानचुली गाउँपालिका वडा नं १को कार्यालय श्रीनगर हुम्ला । |
| २)२०८१/०८/०४ गते | अदानुली गाउँपालिका वडा नं २को कार्यालय श्रीनगर हुम्ला । |
| ३) २०८१/०८/०५ गते | अदानुली गाउँपालिका वडा नं ३को कार्यालय श्रीनगर हुम्ला |
| ४) २०८१/०८/०६गते | अदानुली गाउँपालिका वडा नं ४ को कार्यालय हुम्ला । |
| ५) २०८१/०८/०७ गते | अदानचुली गाउँपालिका वडा नं ५ को कार्यालय हुम्ला । |
| ६) २०८१/०८/०८ गते | अदानचुली गाउँपालिका वडा नं ६को कार्यालय हुम्ला । |

बोधार्थ:
श्री सूचना तया प्रविधि शाखा website मा upload गरिदिन हुन ।

हंश महतारा
प्रमुख प्रशासकीय अधिकृत

# ६५ करोडको लागतमा नेपालगन्जमा पाईप उद्योग सञ्चालनमा

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/०२



नेपालगन्जमा ६५ करोडको लागतमा स्टार पोलीपाईप इन्डष्ट्रिज प्रालिको शनिबार उद्धाटन गरिएको छ। नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर १८ मा रहेको स्टार पोलीपाईप इन्डष्ट्रिज प्रालिको शनिबार संघिय सरकारका उद्योग मन्त्री दामोदर भण्डारीले उद्घाटन गरेका छन् । पाइप उद्योगको उद्घाटन गर्दै मन्त्री भण्डारीले निर्यातमुखी उद्योग तथा कलकारखानालाई सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाए । मन्त्री भण्डारीले स्टार पोलिपाइपलाई लुम्बिनी प्रदेशमा मात्रै नभएर नेपालभर तथा भारतसम्म पनि उत्पादित सामाग्रीको बजारीकरण गर्न सक्ने बिश्वास ब्यक्त गरे । मन्त्री भण्डारीले भने, ‘तपाईहरुले आफ्नो उद्योगबाट उत्पादीत बस्तुलाई नेपालमा मात्र होइन, भारतमा समेत प्रतिस्पर्धामा उत्कृष्ट हुन सक्नोस् , तपाई नेपाल-भारतको सिमानामा भएका कारणले निर्यात गर्नलाई पनि सहज हुने अवस्था छ ।’ प्रालिका अध्यक्ष कमल कार्कीले करिब ६५ करोडको लागतमा एचडिपिई, सिपिभिसी, युपिभिसी, बोरवेल तथा गार्डेन पाईप तथा फिटिङको उत्पादन गर्दै आईरहेको जानकारी दिए । कार्कीले बजारमा आर्थिक मन्दी भएपनि स्टार पोलीपाईपबाट अत्याधुनिक उपकरणबाट गुणस्तरीय सामाग्रीको उत्पादन गरिरहेको बताए । कम्पनीले जापान तथा दक्षिण कोरियामा उत्पादित उत्कृष्ट कच्चा पदार्थ आयात गरी सोही कच्चा पदार्थहरुबाट सिपिसिभी, युपिभिसी पाईप तथा फिटिङहरु उत्पादन गर्दै आईरहेको कम्पनीका बिक्रि प्रमुख दिनेशराज विष्टले जानकारी दिएका छन् ।

# सुदुरपश्चिम सडक दुर्घटना, चार महिनामा ५९ जनाको मृत्यु



नमस्ते समचारदाता
बैतडी, मंसिर/०२

सुदूरपश्चिम प्रदेशमा गएको चार महिनाको अवधिमा १ सय ३३ वटा सवारीसाधन दुर्घटना हुँदा ५९ जनाको मृत्यु भएको छ भने १ सय ७५ जना घाइते भएका छन् । तीमध्ये गम्भीर घाइते भएका १ सय १४ जना उपचाररत छन् । सुदूरपश्चिम प्रदेशमा २०८१ साउनमा ३ वटा बस, भदौमा २ बस, असोजमा ५, कात्तिकमा ३ गरेर चार महिनामा १३ वटा बस दुर्घटना भएका छन् । यही अवधिमा माइक्रो ५ वटा र बोलेरो जिप ८ वटा समेत दुर्घटना भए । शुक्रबार बिहान ४ बजे दार्चुलामा जिप दुर्घटना हुँदा आठ जनाको घटनास्थलमै मृत्यु भयो । उक्त दुर्घटनामा पाँच जना घाइते भएका थिए । दुर्घटना भएको जिपमा दार्चुलास्थित मालिकार्जुन मेलाको दर्शन गरेर घर फर्किंदै गरेका यात्रु सवार थिए । गएको असोज ३० गते डडेलधुरा बस दुर्घनामा बैतडी पुर्चौंका एकै परिवारका ४ जनाको मृत्यु भएको थियो । सोही दुर्घटनामा १२ जना घाइते भएका थिए । दसैं लगत्तै कञ्चनपुरबाट बैतडी आउँदै गरेको बस डडेलधुरामा दुर्घटना भएको थियो । सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये पहाडी क्षेत्रमा बढी दुर्घटना हुने गरेका छन । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक श्यामकृष्ण अधिकारीका अनुसार दसैंका बेला गएको असोज महिनामा ५१ वटा सवारी दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका थिए। घाइतेमध्ये ३६ जना गम्भीर अवस्थाका थिए । उनीहरुको अझै उपचार भैरहेको छ । तिहारका बेला कात्तिक महिनामा ३४ वटा सवारीसाधन दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको छ भने ३९ जना घाइते भएका छन । घाइतेमध्ये ३३ जनाको अवस्था गम्भीर भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । दुर्घटना हुने सवारीसाधनको प्रकृति अनुसार मोटरसाइकलपछि बढी दुर्घटना हुने सवारीसाधनमा बस, जिप, टेम्पो र माइक्रो रहेका छन्। सवारी दुर्घटनामा बर्सेनि ठुलो मानवीय क्षति भए पनि घटनाको गम्भीर छानबिन हुने गरेको छैन। मृतकको ठेगाना भएका केही स्थानीय तहले शोक बिदाबाहेक सडक सुरक्षाका उपायका बारेमा कसैले खासै चासो दिएको पाइँदैन । सङ्घीय सरकार मातहत रहने गरेर सुदूरपश्चिम प्रदेशको अत्तरियामा २०७९ सालमा स्थापना भएको सवारी परीक्षण कार्यालय कर्मचारीविहीन बनेको छ । सुदूरपश्चिम प्रदेशबाट बाहिरी जिल्लाको लामो दूरीमा चल्ने सवारीसाधनको परीक्षण गर्दै आइरहेको कार्यालयमा उपसचिव स्तरका मेकानिकल इन्जिनियरको दरबन्दी भए पनि लामो समयदेखि निमित्तको भरमा सो कार्यालय चलेको छ । प्रदेशस्थित सवारी परीक्षण कार्यालयमा उपसचिव स्तरका इन्जिनियरसहित पाँच जना मेकानिकाल इन्जिनियरको दरबन्दी भए पनि लामो समयदेखि पद रिक्त रहेको हो । परीक्षण कार्यालय एक जना मेकानिकल इन्जिनियरको भरमा सञ्चालन भइरहेको कार्यालयका सूचना अधिकारी नन्दराज पन्तले बताउछन् । उनले प्रदेशबाट काठमाडौँ चल्ने कालो प्लेट भएका सवारीसाधनको छ महिनामा एक पटक परीक्षण हुने भए पनि दरबन्दी अनुसारका मेकानिकाल इन्जिनियर नभएको र परीक्षण गर्ने मेसिन बिग्रिएको जानकारी दिए । उनले भने, ‘प्रदेशभित्र चल्ने सवारीसाधनको परीक्षण गर्ने अधिकार हामीलाई दिएको छैन । काठमाडौँ जाने बसको ब्रेक, टायर, इन्जिनको छ महिनामा एक पटक परीक्षण गर्ने अधिकार छ । त्यो काम पनि मेसिन बिग्रिएकाले काठमाडौँबाटै हुने गरेको छ ।’ प्रदेशको अत्तरियामा रहेको सवारी परीक्षण कार्यालयमा मेकानिकल इन्जिनियर नहुँदा सवारी परीक्षणको काम प्रभावित भएको अवस्थामा सोही ठाउँमा रहेको हेबी इक्विपमेन्ट कार्यालय गोदावरीमा ३३ जना मेकानिकल इन्जिनियर रहेका छन् । गोदावरी मातहत रहेको बुडरस्थित यान्त्रिक कार्यालयमा थप १२ जना गरेर प्रदेशमै ४५ जना मेकानिकल इन्जिनियर रहेका छन् । प्रदेशको तराइ-पहाड जोड्ने सडक प्राकृतिक विपत्मा बन्द भए गोदावरी र बुडर कार्यालयले सुचारु गर्ने जिम्मेवारी वहन गर्दै आइरहेको छ । ठुला उपकरण र यान्त्रिक कार्यालयले सरकारी मेसिन उपकरण भाडामा लगाएर आम्दानीसमेत गर्दै आइरहेको छ। यो बाहेक प्रदेश, स्थानीय तह र अन्य सरकारी कार्यालयका सवारीसाधन मर्मतसमेत प्रदेशमै हुँदै आइरहेका छन् । नेपाल सरकारले सुदूरपशिचम प्रदेशका बैतडी, दार्चुला र बझाङलगायतका पहाडी जिल्लाको सडक सुरक्षामा वार्षिक ८ करोड रुपियाँभन्दा बढी खर्च गर्दै आइरहेको छ । तराईका जिल्ला र लामो दुरी काठमाडौँ चल्ने सवारीसाधन पुरानो भएपछि पहाडी जिल्लामा चल्ने गरेको पाइएको छ । दार्चला, बैतडी र बझाङका सडक सुधारमा ४० करोड रुपियाँ खर्च गरेर मोड सुधार गरेको तीन जिल्लाको सडक हेर्दै आइरहेको सडक डिभिजन कार्यालय पाटन, बैतडीका इन्जिनियर लक्ष्मीदत्त जोशीले बताउछन् । उनले पहाडी जिल्ला जोड्ने मुख्य लोकमार्गमा मोड सुधार गरी सडक किनारमा प्यारापिट पर्खाल लगाउने काम सम्पन्न भएपछि सडकको भौतिक अवस्था ९० प्रतिशत सुधार भएको दाबी गरे । सरकारले सडक सुधारमा वार्षिक आठ करोड रुपियाँ खर्च गर्दै आए पनि पहाडी रुटमा चल्ने सवारीसाधनको अवस्था परीक्षण हुने गरेको छैन । पहाडी जिल्लामा ट्राफिक प्रहरीले जरिबाना गरेको कागजको भरमा २० वर्ष पुराना गाडी निर्वाध चलिरहेका छन् । ट्राफिक प्रहरीले क्षमताभन्दा बढी यात्रु बोक्नेलाई कारबाहीका नाममा जरिबानाको रसिद काटेर गन्तव्यतर्फ जान दिने गरेको पाइएको छ । सुदूरपशिचम प्रदेशको यातायात व्यवस्था कार्यालयबाट सेवा निवृत्त भएका केशव जोशीले प्रदेशमा सवारीसाधन चलाउने अनुमतिपत्र वितरण गर्ने ४ वटा कार्यालय खुले पनि सवारीसाधनको परीक्षण राम्रोसित हुन नसकेको बताए । उनले प्रदेशका चार जिल्ला कैलाली, कञ्चनपुर, डोटी र डडेलधुरामा यातायात व्यवस्था विभागका चार वटा कार्यालयमध्ये धनगढीस्थित कार्यालयले मात्रै सामान्य प्रदूषण परीक्षण गर्दै आइरहेको जानकारी गराए । गाडी मर्मतका लागि भारत लैजानुपर्ने अवस्था आएका सीमामा भारतीय पक्षले प्रदूषण परीक्षण गरेको कागजपत्र माग्ने भएकाले यो काम पनि बाध्यतावश भइरहेको पाइएको छ ।

# सिँजाका सबै बालबालिका विद्यालय पहुँचमा

नमस्ते समचारदाता
जुम्ला, मंसिर/०२



सिँजा गाउँपालिकाको-२ बालविवाह मुक्त र विद्यालयमा शतप्रतिशत बालबालिकाको पहुँच भएको वडा घोषणा भएको छ। बालविवाह मुक्तका लागि आधार तयार भएपछि पालिका घोषणा गरिएको हो । गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले एक कार्यक्रम बिच बालविवाह मुक्त र विद्यालयमा शतप्रतिशत बालबालिकाको पहुँच भएको वडा घोषणा गरे । विभिन्न १५ वटा सूचक पार गरी ९४.५ प्रतिशत अंक प्राप्त गरी बालविवाह मुक्त भएको तथ्याङ्कपछि वडा बालविवाह मुक्त घोषणा गरिएको हो । वडाध्यक्ष तीर्थ वडका अनुसार बालविवाह मुक्त वडा घोषणासँगै ५ वर्षदेखि १५ वर्षका बालबालिका सबै विद्यालयको पहुँच अर्थात् शतप्रतिशत बालबालिका विद्यालय गएको घोषणा भएको छ । वडाध्यक्ष वडका अनुसार वडा नम्बर २ का माध्यामिक विद्यालय चुलेलगाउँका तीनसय विद्यार्थी, रुपनी आधारभूत विद्यालय रनुखाना ३५ जना, कालिका मावि बिष्टवडामा ३७ जना बालबालिका विद्यालयको पहुँचमा पुगेका छन् । वडापालिकाले पूर्वसन्ध्यामा वडा २ का ५ वटै टोलमा प्रत्येक बस्तीमा रैलीसहित सचेतना गरेको थियो । सिँजाको वडा २ तेस्रो बालविवाह मुक्त वडा पालिका र दोस्रो शतप्रतिशत विद्यालयमा बालबालिकाको पहुँच पुऱ्याउने वडा घोषणा भएको हो । सिञ्जा गाउँपालिकाले यसअघि वडा नम्बर ४ र ६ बालविवाह मुक्त वडा १ नम्बर वडा विद्यालयमा शतप्रतिशत बालबालिका विद्यालयको पहुँचमा पुऱ्याएर घोषणा गरिएको जनाएको थियो ।


## Himali Rural Municipality
## Office of the Municipal Executive
*Dhulachaur, Bajura*
*Sudurpaschim Province, Nepal*

## Letter of Intent

Date of Publication: 2081/08/03

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063, the instruction to bidders, successful in bid under PPMO's E-Procurement portal , IFB No- HRM/NCB/BUILDING/02/081/082 Published in Namaste Karnali Daily on 2081/05/25 (Sept 10, 2024) that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No. | Name Of The Project | Name of Bidder | Bid Price (Without VAT) |
|---|---|---|---|
| HRM/NCB/BUILDING/02/081/082 | Dhulachaur Health Post Isolation Birthing Center Building Construction Work | Masta Construction And Order Suppliers, Budhinanda-07, Bajura | NRS. 74,90,677 |

V. Chief Administrative


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके